# 1.आपूर्ति व्यवस्था तथा उपभोक्त हित संरक्षण महाशाखाको कार्यक्षेत्र

1. उपभोग्य तथा अत्यावश्यक वस्तु र सेवाको आपूर्ति, वितरण, मूल्य नियन्त्रण, गुणस्तर र अनुगमन सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन सम्बन्धी कार्यहरु,
2. उपभोक्ता हक संरक्षण तथा प्रवर्द्धन सम्बन्धी नीति, कानून मापदण्ड र नियमन सम्बन्धी कार्यहरु,
3. अत्यावश्यक वस्तुहरुको राष्ट्रिय मौज्दात (बफर स्टक), सार्वजनिक गोदाम, तथा राष्ट्रिय स्तरमा अत्यावश्यक वस्तु तथा सेवाको सूचना संकलन, विश्लेषण, प्रक्षेपण र आपूर्ति व्यवस्था सम्बन्धी कार्यहरु,
4. पेट्रोलियम पदार्थको पैठारी, प्रशोधन, भण्डारण, गुणस्तर निर्धारण, मूल्य निर्धारण, आपूर्ति, पूर्वाधार विकास र नियमन सम्बन्धी कार्यहरु,
5. आन्तरिक बजार व्यवस्थापन तथा प्रतिस्पर्धा प्रवर्द्धन र सिण्डिकेट तथा कार्टेलिङ्गको नियन्त्रण सम्बन्धी नीति, कानून र नियमन सम्बन्धी कार्यहरु,
6. आपूर्तिसँग सम्बन्धित सार्वजनिक संस्थानको संचालन र नियमन सम्बन्धी कार्यहरु,
7. उपभोक्ता हित संरक्षण विभाग सम्बन्धी कार्यको समन्वय सम्बन्धी कार्यहरु,
8. उपभोक्ता हक संरक्षण सम्बन्धी संवैधानिक व्यवस्था सम्बन्धी कार्यहरु,

९. उद्योग, वाणिज्य तथा आपूर्ति सम्बद्ध निजी संस्थाहरुसँग सहकार्य गरी आपूर्ति व्यवस्था सहज तुल्याउने सम्बन्धी कार्यहरु ।